# कार्यपालिका बैठक संख्या - २०४औं बैठक

आज मिति २०८३।०५।१७ गते विहान ०८:३० बजे पूर्वखोला गाउँपालिका अध्यक्ष श्री नुन बहादुर थापा ज्यूको अध्यक्षतामा देहाय बमोजिमको कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक पालिका बैठक कक्षमा बसी तपसिल बमोजिमको एजेन्डाहरुमा छलफल गरी निम्न बमोजिम निर्णय गरियो।

**उपस्थिति**

| क्र.स | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष श्री नुन बहादुर थापा | पूर्वखोला गा.पा अध्यक्ष | |
| २ | श्री भागिरथी भट्टराई | पूर्वखोला गा.पा उपाध्यक्ष | |
| ३ | श्री राजु नेपाल | प्रमुख प्रशासकीय अधिकृत (सचिव) | |
| ४ | मेहर सिंह थापा | प्रवक्ता एवंम् वडा अध्यक्ष वडा न. ४ | |
| ५ | श्री गिरीमान आले | वडा अध्यक्ष वडा नं. १ | |
| ६ | श्री निर बहादुर सारु | वडा अध्यक्ष वडा नं. २ | |
| ७ | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष वडा नं. ३ | |
| ८ | श्री विष्णु कुमार पल्ली | वडा अध्यक्ष वडा नं. ५ | |
| ९ | श्री धन बहादुर घर्ती | वडा अध्यक्ष वडा नं. ६ | |
| १० | श्री भिमी सरा आले | कार्यपालिका सदस्य | |
| ११ | श्री देवीसरा गाहा | कार्यपालिका सदस्य | देवी गाहा |
| १२ | श्री रेवती सरा घर्ती | कार्यपालिका सदस्य | |
| १३ | श्री ललिता दर्लामी | कार्यपालिका सदस्य | |
| १४ | श्री राजु परियार | कार्यपालिका सदस्य | |
| १५ | श्री चन्द्रसिं बर्मेली | कार्यपालिका सदस्य | |

**आमन्त्रित:**

१) सूचना ज्ञवाली सूचना प्रविधि अधिकृत Agyawali

२) सीता बस्याल कार्यालय सहयोगी

बैठकका एजेन्डा:

१) अघिल्लो २०३औं बैठकको समिक्षा सम्बन्धमा,
२) राहत उपलब्ध गराउने सम्बन्धमा,
३) आ.व. २०८२/०८३ को समीक्षा कार्यक्रम सम्बन्धमा,
४) राज्य सुबिधा परिचयपत्र वितरण सम्बन्धमा,
५) उच्च मूल्य कृषि वस्तु कार्यक्रमका लागि कृषि वस्तु सिफारिस सम्बन्धमा,
६) विविध

निर्णयहरु:

निर्णय १: अघिल्लो २०३औं कार्यपालिका बैठकको समिक्षा गरी यस अघि भएका अधिकांश निर्णयहरु कार्यान्वयन भएको तथा केही निर्णयहरु कार्यान्वयनको चरणमा गएको पाईयो ।

निर्णय २: रसुवा भोटेकोशी नदीमा मिति २०८३/०५/१० गते आएको भिषण बाढीले गर्दा भएको धन जनको क्षतिबाट प्रभावित नागरिकलाई तत्काल राहत उपलब्ध गराउन र पुर्नस्थापना गर्न प्रधानमन्त्री दैवी प्रकोप उद्दार कोषमा निम्न अनुसारको रकम जम्मा गर्ने

क) गाउँपालिका तथा जनप्रतिनिधिहरुबाट:

| क्र.सं. | पद/विवरण | राहत रकम |
|---|---|---|
| १ | तीज गित कार्यक्रमबाट | ३,००,०००।- |
| २ | जनप्रतिनिधिबाट<br>( गा.पा. अध्यक्ष एवं उपाध्यक्ष २ जनाबाट जनही ७,०००।-, वडा अध्यक्षहरु ६ जनाबाट जनही ५,०००।-, कार्यपालिका सदस्यहरु ६ जनाबाट जनही ३,०००।- र सभा सदस्यहरु १९ जनाबाट जनही २,०००।-) | १,००,०००।- |
| जम्मा | | ४,००,०००।- |

राजु नेपाल
प्रमुख प्रशासकीय अधिकृत

नुन बहादुर थापा
अध्यक्ष

ख) कर्मचारीहरुबाट:

| क्र.सं. | पद/विवरण | राहत रकम |
|---|---|---|
| १ | अधिकृत स्तरको कर्मचारी (१७ जना) को ७ दिन बराबरको तलब | १,९५,२५१।- |
| २ | सहायक स्तरको कर्मचारी (७३ जना) को ५ दिन बराबरको तलब | ४,११,९८५।- |
| ३ | श्रेणी विहिन कर्मचारी (३२ जनाको ) को २ दिन बराबरको तलब | ५१,३५६।- |
| | | ६,५८,५९२।- |

ग) शिक्षकहरुबाट:

| क्र.सं. | पद/विवरण | |
|---|---|---|
| १ | उच्च माध्यमिक तह १४ जनाको, माध्यमिक तह (द्धितिय तथा तृतीय) ३२ जनाको, निम्न माध्यमिक तह (द्धितिय) २ जनाको र प्राथमिक तह ( प्रथम) ४ जनाको ७ दिन बराबरको तलब | ६,०५,१३०।६४ |
| २ | निम्न माध्यमिक तह (तृतीय) ३५ जनाको र प्राथमिक तह (तृतीय एवं द्धितिय) १५४ जनाको ५ दिन बराबरको तलब | ११,५९,५१६।६६ |
| ३ | लेखापाल ७ जनाको, बाल विकास शिक्षक ४१ जनाको, कार्यालय सहयोगी ३६ जनाको, सामुदायिक सिकाई परिचालक २ जनाको, गाउँपालिका अनुदान शिक्षक ३३ जनाको २ दिन बराबरको तलब | १,५२,७३३।-३३ |
| | जम्मा | १९,१७,३८०।६३ |

राजु नेपाल
प्रमुख प्रशासकीय अधिकृत

नुन बहादुर थापा
अध्यक्ष

कुल राहत रकम: २९,७५,९७२।६३ (उनान्तीस लाख पचहत्तर हजार नौ सय बहत्तर रुपैया र पैसा त्रीसठ्ठी मात्र )

निर्णय न.३: पूर्वखोला गाउँपालिकाको आ.व. २०८२/०८३ को विविध कारणवश स्थगन भएको वार्षिक समिक्षा कार्यक्रम २०८३/०५/२५ गते गाउँपालिकाको सभा हलमा गर्ने र उक्त कार्यक्रममा संघीय माननीय, प्रदेश माननीयहरु एवं जिल्ला समन्वय समिति प्रमुखलाई समेत आमन्त्रण गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय न. ४: पूर्वखोला गाउँपालिका भित्र बसोबास गर्ने राज्य सुबिधा परिचयपत्र प्राप्त गर्न सिफारिस भएका ब्यक्तिहरुको राज्य सुबिधा परिचयपत्र बितरण गर्न बाँकी रहेका परिचयपत्र यथाशिघ्र वडा कार्यालयहरु मार्फत वितरण गर्ने व्यवस्था मिलाउने सर्वसम्मत निर्णय गरियो ।

निर्णय न. ५: पूर्वखोला गाउँपालिकामा प्रदेश सरकार मार्फत लागू हुन गईरहेको उच्च मूल्य कृषि वस्तु कार्यक्रमका लागि तपसिल बमोजिमका कृषि वस्तुहरु उत्पादनका लागि सिफारिस गर्ने सर्वसम्मत निर्णय गरियो ।

वडा न. १: बाख्रापालन, मसलाबाली, गेडागुडी,कोदो, सुन्तलाजात फलफूल

वडा न.२: बाख्रापालन, तरकारी, सुन्तलाजात फलफूल, कोदो, मसलाबाली

वडा न. ३: बाख्रापालन, दुग्ध जन्य उत्पादन, माछा पालन, तरकारी, मसलाबाली, मौरी पालन

वडा न. ४: बाख्रापालन, बीउ मकै, सुन्तलाजात फलफूल, मसला बाली, तरकारी,

वडा न. ५: सुन्तला जात फलफूल, मसलाजात बाली, बाख्रा बंगुर, स्थानीय बाली, मौरी पालन

वडा न. ६: तरकारी, बाख्रापालन/बंगुरपालन, मसलाजात बाली, स्थानीय बाली, मौरीपालन

निर्णय न. ६:

क) गाउँपालिका भित्र बसोबास गर्ने तपसिल व्यक्ति तथा संस्थाले यस कार्यालयमा दिएको निवेदनमा छलफल गर्दा निजहरुलाई तपसिल बमोजिमको राहत उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो।

| क्र.स. | ब्यक्ति/ संस्थाको नाम थर | ठेगाना | राहत माग / रकम | उपलब्ध गराएको राहत रकम | कै. |
|---|---|---|---|---|---|
| १ | पदम राज न्यौपाने | पूर्वखोला-२ | बाटोको भल व्यवस्थापन सम्बन्धमा | प्राविधिक इस्टिमेट गर्न पठाउने | |

राजु नेपाल
प्रमुख प्रशासकीय अधिकृत

नुन बहादुर थापा
अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| २ | लोक माया बयम्बु | पूर्वखोला-१ | घर भत्केको आर्थिक सहयोग | रु.२०,०००/- आर्थिक सहयोग | |
| ३ | रेम बहादुर लामिछाने | पूर्वखोला-६ | २५ एम.एम. को ४०० मिटर खानेपानी पाइप | २५ एम.एम. को ३०० मिटर खानेपानी पाइप | |
| ४ | याम प्रसाद गैरे | पूर्वखोला-३ | २५ एम.एम.को ३८० मिटर खानेपानी पाइप | २० एम.एम. २०० मिटर खानेपानी पाइप | |
| ५ | ओम बहादुर सुनारी | पूर्वखोला-३ | २५ एम.एम. को ३२० मिटर खानेपानी पाइप | २५ एम.एम. को १६० मिटर खानेपानी पाइप | |
| ६ | सुनिता खनाल | पूर्वखोला-३ | आर्थिक सहयोग | रु.५०००/- | |

राजु नेपाल
प्रमुख प्रशासकीय अधिकृत

नुन बहादुर थापा
अध्यक्ष